# कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्य सञ्चालन विधि, २०७७

मन्त्री

**प्रस्तावना:** भूमि व्यवस्था, कृषि तथा सहकारीको आ.व. २०७७।७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मोवाईल (चलायमान) पसल सञ्चालन, बजारीकरणको लागि ढुवानी तथा अन्य सहयोग कार्यक्रम, उपमहानगरपालिका लक्षित आधुनिक बजार निर्माण, काठमाण्डौ, पोखरा, सुर्खेतमा प्रदेशको बिक्री आउटलेट स्थापना तथा मह,अदुवा, सुन्तला र वर्षे आलु बजारीकरणका लागि प्रदेशको ब्रान्डिङ्ग कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन र कार्यान्वयन गर्नका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्य संचालन विधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्य सञ्चालन विधिको नाम "कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्य सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो कार्य सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधिमा,-

(क) "अनुदान ग्राही" भन्नाले दफा ४ बमोजिमका अनुदान ग्राही सम्झनु पर्छ।

(ख) "कृषक समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(ग) "कृषि सहकारी" भन्नाले प्रचलित कानून बमोजिम गठन भई दर्ता गरिएको कृषि सहकारी संस्था तथा कृषि कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी संस्था समेतलाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ।

(ङ) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित तेलहन, दलहन, मसला बाली, फलफूल, तरकारी, मह, च्याउ जस्ता ताजा तथा सुकाएका वस्तुलाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका कार्यालय सम्झनु पर्छ।

(छ) "उद्यमी" भन्नाले कृषि उत्पादनको बजारीकरण र प्रशोधनमा संलग्न भएका निजी व्यापारीलाई सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "बजार" भन्नाले लुम्बिनी प्रदेश भित्र कुनै एक निश्चित ठाउँमा फलफूल, तरकारी, तेलहन, दलहन जस्ता ताजा तथा प्रशोधित कृषि वस्तुको खरीद बिक्री सम्बन्धी क्रियाकलाप गरिने स्थान वा पसल सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ट) "संकलन केन्द्र" भन्नाले कृषि उपज संकलन गर्ने स्थल सम्झनु पर्छ।

(ठ) "संघ" भन्नाले कृषि उत्पादनको बजारीकरण र प्रशोधनमा संलग्न व्यावसायिक संस्था जस्तै उद्योग व्यापार संघ आदि सम्झनु पर्दछ।

(ड) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ।

(ढ) "समिति" भन्नाले कृषि बजार सञ्चालन गर्नका लागि प्रचलित नियम अनुसार गठन भएको "कृषि बजार सञ्चालक समिति" सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्य सञ्चालन विधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषि उपजको बिक्री वितरणको लागि उत्पादकलाई वजार श्रृखलासँग आवद्ध गर्ने।

(ख) कृषक मोवाईल पसल र आधुनिक कृषि बजार स्थापना तथा संचालनको माध्यमबाट बजारीकरण प्रवर्द्धन गर्नमा ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपजको सहयोग गर्ने ।

(ग) कृषि उपजको वजारीकरणमा रहेको बिचौलियाको तह कम गराई कृषि उत्पादकले उचित मूल्य पाउने वातावरण सृजना गर्ने ।

४. <u>सञ्चालन हुने कार्यक्रमः</u> कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही देहाय बमोजिमका कार्यक्रमहरू तालिकामा उल्लेख भए अनुसार सञ्चालन गरिने छ।

| सि.नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| १ | मोबाईल पसल सञ्चालन | १.कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।<br>२.सम्बन्धित प्रस्तावकले अनुसुची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>३.प्रस्ताव तयार गर्दा अटो-रिक्साको स्पेसिफिकेसन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।<br>४.छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित | प्रति अनुदान ग्राही कुल लागतको ५० प्रतिशत वा वढीमा रू. ३ लाख सम्म | अटो रिक्सा/ ई रिक्सा खरिद तथा कृषि उपज ढुवानीको लागी मोडिफिकेशन | कृषक समूह/ कृषक समूहको सिफारिसमा समूहले तोकेको समूहको सदस्य | लुम्बिनी प्रदेश का तराईका ६ जिल्लामा प्रति जिल्ला न्यूनतम ३ वटाका दरले | १. गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।<br>२.व्यावसायिक रूपमा तरकारी खेती/उत्पादन/बिक्री वितरणमा संलग्न भएको हुनु पर्ने ।<br>३. विगत २ आ.व र चालु आ.व. मा सोही प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको हुनु पर्नेछ। |

| सि.नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| | | गरी कार्यक्रम सञ्चालन गरिनेछ। | | | | | |
| २ | बजारीकरणको लागि ढुवानी तथा अन्य सहयोग कार्यक्रम | १. कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।<br>२. सम्बन्धित प्रस्तावकले अनुसुची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>३. प्रस्ताव तयार गर्दा औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।<br>४.छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित [illegible] गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ। | कूल लागतको अधिकतम ५० प्रतिशत वा बढीमा रू. १२,५०,००० (अक्षेरुपी बाह्लाख पचास हजार) सम्म | बिक्री स्थल स्थापना, ढुवानी साधन, बिक्री कक्षको भाडा, कक्ष मोडिकेशनको लागत, ढक तराजु, चिस्यानमा प्रयोग हुने उपकरण, डिजिटल [illegible] लागि आवश्यक पर्ने उपकरण तथा अन्य उपकरण खरिद | कृषक समूह/ कृषि सहकारी | ४ पटक / वटा | १.गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।<br>२.व्यावसायिक रूपमा तरकारी खेती/उत्पादन/बिक्रीवितरणमा संलग्न भएको हुनु पर्नेछ।<br>३.कार्यक्रम सञ्चालन हुने स्थान राजमार्ग र राजमार्गबाट सदरमुकाम जोडने बाटोमा भएको हुनु पर्नेछ।<br>४. विगत २ आ.व र चालु आ.व. मा सोही प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको हुनु पर्नेछ।<br>५.बाटो,पानी तथा बिजुली र शौचालयको सुविधा भएको हुनुपर्नेछ। |

| सि.नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| ३ | उपमहानगरपालिका लक्षित आधुनिक बजार निर्माण | १.कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आहान गर्नेछ।<br>२. सम्बन्धित प्रस्तावकले अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा [illegible] कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>४.आधुनिक बजार सञ्चालनका विधिका सम्बन्धमा छनौट गरिएका अनुदानग्राही र निर्देशनालय बीच MOU गरिनेछ । छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वैकल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ। | कूल लागतको अधिकतम [illegible] ५० (पचास) लाख सम्म प्रति आधुनिक बजार | कृषि उपजको स्टोरेज तथा [illegible] आधुनिक कृषि पसल कक्षको आधुनिक संरचना (A/C, कोल्ड च्याम्बर,शीसा-याक आदी) निर्माण | कृषक समूह / सहकारी [illegible] समिति | लुम्बिनी प्रदेशका [illegible] नेपालगंज उपमहानगर पालिका प्रत्येकमा १ वटाका दरले ४ वटा | १. गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।<br>२. [illegible]<br>३. कार्यक्रम सञ्चालन हुने स्थान राजमार्ग र राजमार्गबाट सदरमुकाम जोडने बाटोमा भएको हुनु पर्नेछ।<br>४. मन्त्रालय लगायत मातहतका कार्यलयको सहयोगमा स्थापना भएका कम्तीमा ४ वटा स्मार्ट कृषि गाउँ / सहकारी पसल/ कृषक पसलसँग अनिवार्य खरिद बिक्री (buy back agreement) सम्झौता पर्ने।<br>५. स्वदेशी कृषि उपज मात्र खरिद बिक्रि वितरण गर्नुपर्ने।<br>६.पहिचान सहितको विशिष्टिकृत रुपले |

| सि.नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड मन्त्री |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | लेवलिङ्ग, प्याकेजिङ्ग गरी गुणस्तरीय स्वस्थ कृषि उपजको बिक्री गर्नुपर्नेछ । <br> ७. बजारको भौतिक संरचना जस्तै भवन, जग्गा, आदि प्रस्तावकले नै व्यवस्था गर्नुपर्नेछ । <br> ८. विगत २ आ.व र चालु आ.व. मा सोही प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको हुनु पर्नेछ। |
| ४ | काठमाण्डौ, पोखरा, सुर्खेतमा प्रदेशको बिक्री आउटलेट | १.कार्यक्रम संचालनार्थ अन्तर प्रदेश मन्त्रालयवीच MOU गरिनेछ । <br> २.कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ। <br> ३. सम्बन्धित प्रस्तावकले अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा | कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम | पसल कक्ष स्थापनाको संरचना निर्माण, कृषि उपजको गेडिङ्ग मेसिन, प्याकेजिङ्ग मेसिन | कृषक समूह / सहकारी कृषि / संघ / निजी | काठमान्डौ, पोखरा, सुर्खेतमा १/१ वटा गरी ३ | १. गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ <br> २.व्यावसायिक रूपमा तरकारी खेती/ उत्पादन/ बिक्री वितरणमा संलग्न भएको हुनुपर्नेछ |

| सि .नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| | स्थापना | तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>४. प्रस्ताव तयार गर्दा भौतिक संरचना तथा औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।<br>५.छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ। | रु ३० लाख प्रति आउटलेट | ,लेवेलिंङ्ग मेसिन, विलिङ्ग मेशिन तथा ढुवानी साधन, आदिमा। | उद्धमी | वटा | ३.लुम्विनी प्रदेशको आवेदकलाई प्रथमिकता दिईनेछ ।<br>४. मन्त्रालय लगायत मातहतका कार्यलयको सहयोगमा स्थापना भएका कम्तीमा एक वटा उप महानगरपालिकाका आधुनिक कृषि बजारसँग/स्मार्ट कृषि गाउँसग खरिद बिक्री (buy back agreement) सम्झौता गर्नुपर्नेछ।<br>५. सोहि विषयमा विगत २ आ.व. तथा चालु आ.व. भित्र अन्य कुनै स्रोतबाट अनुदान नलिएको हुनु पर्नेछ। |

| सि .नं. | कार्यक्रम | संचालन प्रकृया | अनुदानको सिमा | कृयाकलापहरु | अनुदान ग्राही | लक्ष्य/परिमाण | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| ५ | मह,अदुवा, सुन्तला र वेर्षे आलु बजारीकरण का लागि प्रदेशको ब्रान्डिङ्ग | १.कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।<br>२.सम्बन्धित प्रस्तावकले अनुसुची-४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>३.प्रस्ताव तयार गर्दा औजार उपकरणको स्पेसिफिकेसन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।<br>४.छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार वर्कैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ। | प्रति अनुदान ग्राही कुल लागतको ५० प्रतिशत वा बढीमा रू. २० लाखसम्म | गेडिङ्ग मेसिन, लेबलिङ्ग मेसिन,बार कोड रिडर, प्याकेजिङ्ग,विलिङ्ग मेसिन तथा सामग्रीहरु , स्टिकर छपाई मेसिन,आदि | कृषक समूह/ कृषक सहकारी | स्वीकृत कार्यक्रम अनुसारका कृषि उपजहरुमा मात्र | १. गत आ.व. भित्र प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।<br>२.व्यावसायिक रूपमा स्वीकृ त कार्यक्रममा तोकिएको बालीहरुको खेती/उत्पादन/बिक्री वितरणमा संलग्न भएको हुनु पर्ने<br>३. सोहि विषयमा विगत २ आ.व. तथा चालु आ.व. भित्र अन्य कुनै स्रोतबाट अनुदान नलिएको हुनुपर्नेछ।<br>४. गुणस्तर मापन गर्न सकिने वालिको हकमा गुणस्तर परिक्षण समेत गराउनु पर्नेछ । |

नोटः प्रस्तावका साथ अनुसूची-९ बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

५. <u>कार्यक्रम व्यवस्थापन समितिः</u> (१) दफा ४ मा उल्लेखित कार्यक्रमहरू सञ्चालनका लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख, कृषि विकास निर्देशनालय - अध्यक्ष

(ख) सम्बन्धित महाशाखा प्रमुख वा अधिकृत प्रतिनिधि मन्त्रालय , सदस्य

(ग) प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालय -सदस्य

(घ) शाखा प्रमुख ,योजना तथा कार्यक्रम कार्यान्वयन शाखा ,निर्देशनालय सदस्य

(ङ) लेखा प्रमुख ,निर्देशनालय - सदस्य

(च) कार्यक्रम संचालन गर्ने सम्बन्धित शाखाको अधिकृत ,निर्देशनालय- सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति हुनेछः

(क) प्रमुख वा निजले तोकेको अधिकृत -अध्यक्ष

(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख -सदस्य

(ग) योजना अधिकृत वा योजना हेर्ने शाखा प्रमुख -सदस्य

(घ) लेखा प्रमुख -सदस्य

(ङ) कार्यक्रम संचालन गर्ने शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा २ जना विषय विज्ञलाई आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ४ को उपदफा (१) र (२) बमोजिमको समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्ने,

(ख) आवश्यकता अनुसार कार्यक्रम सञ्चालनमा सहजता ल्याउन अन्य उप समिति गठन गर्न सक्ने,

(ग) प्रारम्भिक मूल्याङ्कनको लागि दर्ता भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पुरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गर्ने/गराउने,

(घ) प्रस्ताव मूल्याङ्कन तोकिएको अनुसूची बमोजिमको मूल्याङ्कन फारमहरुमा व्यवस्था भए बमोजिम गर्ने,

(ङ) कार्यक्रम सञ्चालनका लागि सम्भावित प्रस्तावहरू मध्ये अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(च) प्रास्तावहरुको मूल्याङ्कन अनुसार योग्यताक्रम सूची तयार गरी स्वीकृतिको लागि सिफारिस गर्ने,

(छ) कार्यक्रमको सुपरिवेक्षण र अनुगमन गर्ने/गराउने र आवश्यकता अनुसार सुझाव दिने ,

(ज) स्थलगत अनुगमन गरेको रिपोर्टको आधारमा भुक्तानीको लागी सिफारिस गर्ने ।

७. <u>खर्चको मापदण्ड:</u> (१) कार्यक्रमको खर्च गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(२) यस विधि बमोजिमका कार्यक्रमका क्रियाकलाप सञ्चालन गर्दा नियमानुसार कन्टिनजेन्सी रकम कट्टी गरिनेछ र सो बापतको रकम यस विधि बमोजिमका कार्यक्रमको अनुगमन, समितिको बैठक र सूचना प्रकाशन तथा प्रशारणमा खर्च गर्नुपर्नेछ ।

८. <u>अनुगमनः</u> (१) कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, तथा मातहतका सरोकारवाला निकायहरूले संयुक्त वा छुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन सम्बन्धित कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदान ग्राहीको कर्तव्य रहनेछ।

९. <u>समन्वय:</u> सम्बन्धित कार्यालयले कार्यक्रमलाई व्यवस्थितरूपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय, अन्तर प्रदेश समन्वय, र सम्बन्धित स्थानीय तहबीच समन्वय गरिनेछ।आवश्यकता अनुसार अन्तर प्रदेश समन्वय समेत गरिनेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस विधिको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची -१

(दफा ४ को सि.नं. १ र २ सँग सम्बन्धित)

**मोबाईल पसल सञ्चालन तथा बजारीकरणका लागि ढुवानी तथा अन्य सहयोग कार्यक्रमको प्रस्तावको ढाँचा**

**खण्ड कः प्रस्तावकको सारांश विवरण**

१.प्रस्तावकको नाम.........................

२.ठेगाना.........................................................................................

३.समूह /सहकारी दर्ता मिति र नम्बरः ..........................................

४.दर्ता भएको कार्यालयः ...........................

५.सदस्य संख्याः......... महिला...................पुरुष...................

दलित....................जनजाति.................

६. हाल सञ्चालन गरेका कार्यहरूको विवरण (अनुभव):

कृषि उत्पादनमा (के के गरिन्छ र कति वर्षको अनुभव छ):

कृषि उपजको बजारीकरणमा (के के गरिन्छ र कति वर्षको अनुभव छ):

अन्यः

७. कारोबार गरेको भए शुरू मितिः .......................................................

८. कारोबारको विवरणः पछिल्लो २ आ. व.को

| कृषि उपजहरुको नाम | प्रथम आ.व. | | द्वितीय आ.व. | | कैफियत |
|---|---|---|---|---|---|
| | बिक्री परिमाण | रकम | बिक्री परिमाण | रकम | |
| | | | | | |
| | | | | | |
| | | | | | |

९. उत्पादित कृषि उपजको विक्री गरिरहेको भए कुन कुन स्थानमा बिक्रि भैरहेको छ उल्लेख गर्नुहोस्

.......................................................................................................................

.......................................................................................................................

१०. समुह / सहकारीको चल / अचल पूँजीको विवरण (घर, जग्गा, मेशीन, औजार उपकरण भवन आदी उल्लेख गर्नुहोस्

.......................................................................................................................

.......................................................................................................................

११.परियोजना स्थलको ठेगाना (पसलको हकमा मात्रः) कोठा संख्याः

## खण्ड-ख

## प्राविधिक प्रस्ताव

१. प्रस्ताव पेश गरेको कार्यक्रम नामः

२. विक्रि गर्ने कृषि उपजहरु कहाँबाट ल्याउनुहुन्छ परिमाण (के. जी. सहित) खुलाउनुहोस्:

- आफ्नो समुहबाट मात्रः
- आफ्नो समुहसंगै अन्य समुह तथा सहकारी र निजी कृषकबाटः

३. कार्यक्रममा सञ्चालन गर्न माग गरिएका क्रियाकलाप र अनुमानित लागतः

| क्र.सं. | क्रियाकलापहरू | इकाई | परिमाण | कूल अनुमानित लागत | अनुदान माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. कुल अनुमानित लागत रकममा तपाईले लगानी गर्ने रकमको श्रोत खुलाउनुहोस् आधारसहित पेश गर्नुहोस्.................

५. माग गरेका कृयाकलापहरुमा जनशक्ति व्यवस्थापनः

समुह / सहकारी भित्रबाटः

समुह / सहकारी बाहिरबाटः

६. लक्षित/लाभान्वित वर्गः

१. लक्षित कृषक/समूह/सहकारी/समिति/संघ/उद्यमीको विवरण

२. रोजगारी सृजना

स्थाईः

अस्थाईः

३. लाभान्वित परिवार संख्या पुष्ट्याई सहित लेख्नुहोस्

प्रत्यक्ष (विक्रिको मुनाफाबाट प्रत्यक्ष रुपमा फाइदा हुने)

अप्रत्यक्ष (अन्य उपभोक्ता)

मन्त्री

७. उपलब्धि/प्रतिफल/दिगोपना

- अनुदान पाएपछि अनुदानग्राहीले पाउने मुख्य-मुख्य उपलब्धि के के हुन्:

क)

ख)

ग)

- प्रतिफल (सूचक सहित)

वार्षिक कारोबारः
वार्षिक आयः
नाफाः

- दिगोपनाः

बैठकको नियमितताः
सदस्यको वहिरगमन तथा आगमन स्थितीः

**८ प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

..................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार ............................................................................................कार्यक्रम को लागि चालु आ.व. र विगत २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपर्युक्त बमोजिमको विवरणहरू जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदक |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

समुह /सहकारीको छाप...............................

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

अनुसुची-२

(दफा ४ को सि.नं. ३ सँग सम्बन्धित)

मन्त्री

## उपमहानगरपालिका लक्षित आधुनिक बजार निर्माण कार्यक्रमको प्रस्तावको ढाँचा

### खण्ड क: प्रस्तावकको सारांश विवरण

१.परिचयात्मक विवरण:

| | |
|---|---|
| प्रस्तावकको नाम: | |
| ठेगाना: | |
| जिल्ला: | |
| स्थानीय तहको नाम: | |
| वार्ड नं. | |
| गाउँ/टोल: | |
| प्रस्तावकको अध्यक्षको नाम: | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नाम: | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था/समिति दर्ता नं.र मिति: | |
| संस्था/समिति दर्ता भएको कार्यालयको नाम: | |
| | |

२. बजार संचालनको अनुभवको कति वर्षको छ लेख्नुहोस्।

३. हाल विध्यमान बजार सञ्चालनको अवस्था लेख्नुहोस्..........................................................................................................
........................................................................................................................
........................... (सञ्चालनमा रहेको भएमा भोग्नुपरेको मुख्य समस्याहरु सहित लेख्नुहोस्)

४. प्रस्तावकले हाल संचालनमा रहेको बजारमा आउने मुख्य उपजको विवरण:

| क्र.सं. | प्रमुख कृषि उपजको नाम | बार्षिक परिमाण (अनुमानित मे.टन) | उपज कहाँबाट आउने | उपज को संग किन्नुहुन्छ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. आवेदक/ संस्था/समितिको हालको चल अचल पूँजीको विवरणः

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

## खण्ड-ख
## प्राविधिक प्रस्ताव

६. तपाईले कस्तो किसिमको आधुनिक बजार /पसल निर्माण गर्न चाहनु हुन्छ र किन ?
(खुद्रा बजार, थोक तथा खुद्रा बजार)

..................................................................................................................
..................................................................................................................
..................................................................................................................
..............................

७.आधुनिक बजार /पसल निर्माणका लागी माग गरिएका आवश्यक संरचना तथा उपकरणहरुको विवरण

| क.सं. | क्रियाकलापहरू | इकाई | परिमाण | कूल अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

८. बजारले सेवा पुर्याउने स्थानहरु (सामान कहाँबाट खरिद गर्नुहुन्छ र कहाँ बेच्नुहुन्छ लेखुहोस्)।

१. ............................
२. ...........................
३. .........................

९. तपाईले खरिद सम्बन्धि सम्झौता गर्नुभएको छ भने उल्लेख गर्नुहोस् । नभएको खण्डमा अनुदान प्राप्ती गरेपछि यस कार्यविधिमा तोकिएको मापदण्ड अनुसार गर्नुपर्नेछ।

१०. बजारको लाभान्वित वर्गबारे लेख्नुहोस्

१. प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभांम्वित हुने समुदायको बारेमा संक्षिप्त विवरण खुलाउनुहोस् ।

२. कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा श्रृजना हुने रोजगारी नियमित हो कि आंशिक हो सो को संख्या समेत खुलाउनु पर्ने छ।

११. बजारका कामहरुमा जनशक्ति व्यवस्थापन कसरी गर्नुहुनेछ लेख्नुहोस्.।
....................................................................................................................
....................................................................................................................

१२. बजार सञ्चालनका लागि जग्गाको विवरण लेख्नुहोस्

क) व्यक्तिगत/करारमा लिएको क्षेत्रफल.......................

ख) संस्था/ समितिको नाममा रहेको क्षेत्रफल .....................

ग) सरकारी स्वामित्वको क्षेत्रफल .......................

१३. सडक सुविधा छ वा छैन............

क) छ भने बजार स्थलबाट मुख्य सडक संगको दुरी .................... कि.मी.

क) छैन भने सडकको संभावना विवरण .............................

१४.बजारको फोहोर व्यवस्थापन कसरी गर्नुहुन्छ? ..................................

१५. बजार निर्माण सम्पन्न भएपश्चात् कसरी सञ्चालन गर्नुहुन्छ बिस्तृतमा उल्लेख गर्नुहोस।
..........................................

१६.बजार संचालनमा अपेक्षित लागत तथा नाफा/नोक्सान के कति छ विस्तृत रुपमा खुलाउनुहोस् ।

१. बार्षिक खर्च.....................................................

२. बार्षिक नाफा/नोक्सान ........................................................

१७. तपाईको बार्षिक खर्च के के काममा हुन्छ खुलाउनुहोस्

मन्त्री

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

१८. मुल्य निर्धारण रणनितीको बारेमा खुलाउनुहोस्।

**१९. प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

..................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार .............................................................................................................कार्यक्रम को लागि चालु आ.व. र विगत २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| साक्षीः | निवेदक |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

समितिको छाप................................

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

अनुसुची-३

(दफा ४ को सि.नं. ४ सँग सम्बन्धित)

मन्त्री

## काठमाण्डौ, पोखरा, सुर्खेतमा प्रदेशको बिक्री आउटलेट स्थापना कार्यक्रमको प्रस्तावनाको ढाँचा

### खण्ड कः प्रस्तावकको सारांश विवरण

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| प्रस्तावकको नामः | |
| ठेगानाः | |
| जिल्लाः | |
| प्रस्तावित आयोजना स्थलको ठेगानाः | |
| न. पा. | |
| जिल्ला | |
| प्रस्तावकको अध्यक्षको नाम (संस्थाको हकमा मात्र) | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था/समिति दर्ता नं.र मितिः | |
| संस्था/समिति दर्ता भएको कार्यालयको नामः | |

२. हाल विध्यमान बजार सञ्चालनको अवस्था (यदि वजार भईरहेको भए)

.................................................................................................................

.................................................................................................................

................ (सञ्चालनमा रहेको भएमा भोग्नुपरेको मुख्य समस्याहरु सहित लेख्नुहोस्)

३. आवेदक/ संस्था/समितिको चल अचल पूँजीको विवरणः

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

### खण्ड-ख

### प्राविधिक प्रस्ताव

४.बजार संचालन गर्ने स्थानः

१. प्रदेशको नामः

२. ठेगानाः

मन्त्री

५.बजारमा आउने मुख्य उपजको विवरणः

| क.सं. | प्रमुख कृषि उपजको नाम | परिमाण (अनुमानित मे.टन) | उपज कहाँबाट आउने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

६.कृषि उपज खरिद विक्रि सम्बन्धमा कृषक /कृषि समुह /कृषि सहकारीहरु संग अग्रिम खरिद विक्रि सम्झौता गर्नुभएको छ भने उल्लेख गर्नुहोस्।

.............................................................................................................

.............................................................................................................

७.बजार निर्माणका लागी माग गरिएका आवश्यक संरचनाका तथा उपकरणहरुको विवरण

| क.सं. | क्रियाकलापहरू | इकाई | परिमाण | कूल अनुमानित लागत | अनुदान माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८.बजारले सेवा पुर्याउने यस प्रदेशभित्रका तथा बजार संचालन हुने प्रदेशभित्रका स्थानहरु बारेमा लेख्नुहोस्।

| प्रदेश नं ५भित्रका स्थान | आउटलेट / बजार स्थापना हुने प्रदेशका स्थान |
|---|---|
| | |
| | |
| | |
| | |

मन्त्री

९. बजारको लाभान्वित वर्गबारे लेखुहोस्

१. प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभांन्वित हुने समुदायको बारेमा संक्षिप्त विवरण खुलाउनुहोस् ।

२. कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा श्रृजना हुने रोजगारी नियमित हो कि आंशिक हो सो को संख्या समेत खुलाउनु पर्ने छ।

१०. बजारका कामहरुमा जनशक्ति व्यवस्थापन कसरी गर्नुहुनेछ लेखुहोस्.।
..........................................................................................................
..........................................................................................................

११. बजार सञ्चालनका लागि बिक्रि कक्षको विवरणः (गोलो लगाउनु होस)

क) व्यक्तिगत/करारमा लिएको क्षेत्रफल......................

ख) संस्था/ समितिको नाममा रहेको क्षेत्रफल ......................

ग) सरकारी स्वामित्वको क्षेत्रफल .......................

१२. सडक सुविधा छ वा छैन............

क) छ भने बजार स्थलबाट मुख्य सडक संगको दुरी .................... कि.मी.

ख) छैन भने सडकको संभावना विवरण .............................

१३.बजारको फोहोर व्यवस्थापन कसरी गर्नुहुन्छ? ..................................

१४. बजार निर्माण सम्पन्न भएपश्चात् कसरी सञ्चालन गर्नुहुन्छ बिस्तृतमा उल्लेख गर्नुहोस।
..........................................

१५.बजार संचालनमा लागत तथा नाफा।नोक्सान के कति छ विस्तृत रुपमा खुलाउनुहोस् ।

१. बार्षिक खर्च......................................................

२. बार्षिक नाफा/नोक्सान .........................................................

१६. तपाईको बार्षिक खर्च के के काममा हुन्छ खुलाउनुहोस्
..........................................................................................................

.............................................................................................................................

.............................................................................................................................

१७. बजार बिक्री योजना बारेमा उल्लेख गर्नुहोस्।

| कृषि उपजहरुको नाम | प्रथम आ.व. | | द्वितीय आ.व. | | कैफियत |
|---|---|---|---|---|---|
| | बिक्री परिमाण | रकम | बिक्री परिमाण | रकम | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१८. मुल्य निर्धारण रणनितीको बारेमा खुलाउनुहोस्।

१९. प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा ..................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार ..........................................................................................................कार्यक्रम को लागि चालु आ.व. र विगत २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपर्युक्त बमोजिमको विवरणहरू जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

साक्षीः
दस्तखतः
नामः
पदः
मितिः

निवेदक
दस्तखतः
नामः
पदः
मितिः

समितिको छाप...............................

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर

अनुसुची-४

(दफा ४ को सि.नं. ५ सँग सम्बन्धित)

मन्त्री

## बजारीकरणका लागी प्रदेशको ब्रान्डिङ्ग कार्यक्रमको प्रस्तावनाको ढाँचा

### खण्ड– क

### प्रस्तावकको सारांश विवरण

१.आवेदकको नाम.........................

२.ठेगाना.......................................................................................

३.दर्ता नं र दर्ता मितिः ..........................................

४.दर्ता भएको कार्यालयः ............................

५.सदस्य संख्याः......... महिला...................पुरुष..................

दलित....................जनजाति.................

६.ब्रान्डिङ्ग गर्न चाहेको कृषि उपजको नामः

७. कृषि उपजको कारोबार शुरू मितिः .....................................................

८. कृषि उपजको कारोबारको विवरणः पछिल्लो २ आ. व.को

| कृषि उपजहरुको नाम | प्रथम आ.व. | | द्वितीय आ.व. | | कैफियत |
|---|---|---|---|---|---|
| | बिक्री परिमाण | रकम | बिक्री परिमाण | रकम | |
| | | | | | |
| | | | | | |

९.उत्पादित कृषि उपजको बिक्री गरिरहेको स्थान

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१०.प्रस्तावकको चल/अचल पूँजीको विवरण (घर, जग्गा, मेशीन, औजार उपकरण भवन आदि

.......................................................................................................

.......................................................................................................

### खण्ड-ख

### प्राविधिक प्रस्ताव

| सि नं | विवरण | कैफियत |
|---|---|---|
| १ | कार्यक्रमको सारांश<br>• यस खण्डमा कार्यक्रमको संक्षिप्त पृष्ठभुमी/परिचयको साथै कार्यक्रमका उद्देश्य ,कार्यान्वयन तरिका , दिगोपना र कार्यक्रमको अनुमानित लागतको बारेमा उल्लेख गर्नुहोस्। | |
| २ | कार्यक्रमको प्रस्तावित क्षेत्रको विवरण<br>• प्रस्ताव गरिएको भौगोलिक क्षेत्रको संक्षिप्त विवरण तथा | |

| | | |
|---|---|---|
| | पूर्वाधार सडक पानी बिजुली बजार आदिको उपलब्धता बारेमा लेख्नुहोस् । | |
| ३ | कार्यक्रमको उद्देश्य<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात हासिल हुन सक्ने उद्देश्यको बारेमा उल्लेख गर्ने | |
| ४ | कार्यक्रमको प्रतिफल / उपलब्धी<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चयात प्राप्त हुने उपलब्धीहरु बारे उल्लेख गर्नुहोस् | |
| ५ | कार्यक्रमका प्रस्तावित कृयाकलापहरु तथा कार्ययोजना<br>• प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरुको विवरणको साथै प्रत्येक क्रियाकलापहरु कहिले, कहाँ, किन,कसरी कार्यान्वयन गरिने हो सो को व्याख्या समेत गर्नु पर्ने छ।<br>• प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरु कुन कुन महिनामा कार्यान्वयन गरिने हो सो को कार्य तालिका सहित पेश गर्नु पर्ने छ। | |
| ६ | कार्यक्रमको लाभान्वित वर्ग<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लाभान्वित हुने समुदायको संक्षिप्त विवरण लेख्नुहोस्<br>• कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सिर्जना हुने रोजगारी नियमित हो की आंशिक हो सो को संख्या समेत खुलाउनुहोस् | |
| ७ | कार्यक्रमको व्यावसायिक योजना | |
| ७.१ | प्राविधिक पक्ष<br>• ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ तथा ब्रान्डिङ्गको योजना तथा यसका लागी गरिने कृयाकलापहरु बारे उल्लेख गर्नुहोस् | |
| ७.२ | कच्चा पदार्थ आपूर्ति पक्ष<br>• ब्रान्डिङ्गको लागी कच्चा पदार्थको व्यवस्था कहांबाट तथा | |

| | | |
|---|---|---|
| | कसरी गर्नुहुन्छ लेखुहोस्<br>• उत्पादनका विशेषताहरु जस्तै अर्गानिक,विषादीमुक्त, आदि के के हुन् उल्लेख गर्नुहोस् | |
| ७.३ | बजारीकरण पक्ष<br>• लक्षित ग्राहक को को हुन् तथा बजारहरु कहा कहा छन् र उल्लेख गर्नुहोस्<br>• बजारमा उपलब्ध अवसरहरु तथा बजार विकासका समस्याहरु यदि छन् भने उल्लेख गर्नुहोस् | |
| ७.४ | व्यवस्थापकीय पक्ष<br>• प्रस्तावित ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ तथा ब्रान्डिङ्गको कृयाकलापमा जिम्मेवारी बांडफांड<br>• ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ तथा ब्रान्डिङ्ग सम्बन्धी तालिम लिएको वा नलिएको उल्लेख गर्नुहोस् | |
| ७.५ | वातावरणीय र सामाजिक पक्ष<br>• कार्यक्रम सञ्चालनबाट वातावरण तथा समाजमा पर्न सक्ने असरहरु र त्यसको व्यवस्थापन कसरी गर्ने बारेमा उल्लेख गर्नुहोस् | |
| ७.६ | वित्तीय पक्ष<br>• प्रति वर्ष हुने आम्दानी तथा खर्चको उल्लेख गर्नुहोस्<br>• नाफा नोक्सान अनुमान तयार गर्नुहोस् | |
| ८ | कार्यक्रमको निष्कर्ष | |

**खण्ड गः आर्थिक प्रस्तावना**

**आर्थिक सारांशः**

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत | अनुदान माग गरेको रकम | अनुदानग्राहीको योगदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

## खण्ड-घ

**प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

...................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार ...........................................................................................कार्यक्रम को लागि चालु आ.व. र विगत २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने-बुझेसम्म सही छ। झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई प्रचलित कानून बमोजिम सहुँला-बुझाउँला।

साक्षीः
दस्तखतः
नामः
पदः

निवेदकः
दस्तखतः
नामः
पदः

अनुसूची-५

(दफा ४ को सि.नं. १ र २ सँग सम्बन्धित)

मोबाईल पसल सञ्चालन र बजारीकरणका लागि ढुवानी तथा अन्य सहयोग कार्यक्रमको प्रस्ताव

मूल्याङ्कनका आधारहरु

अनुदान ग्राहीको नामः

ठेगानाः

| सि . .नं | मूल्याङ्कनका आधारहरू | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | कृयाकलापहरु औचित्यता | १० | |
| २ | कृषि उपजसंग सम्बन्धित कृयाकलपाहरु (उत्पादन तथा बजारीकरण) विवरण | १५ | |
| ३ | बजारीकरणको लागि कृषि उपजको आपूर्ति व्यवस्था | २५ | |
| ४ | लगानीको श्रोतको सुनिश्चितता | १० | |
| ५ | रोजगारी सिर्जना | १० | |
| ६ | जनशक्ति व्यवस्थापन | १० | |
| ७ | दिगोपना | १० | |
| ८ | ग.त. आ. ब.को कारोबार विवरण | १० | |
| | जम्मा | १०० | |

नोटः

- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५०% अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।
- प्रस्तावनामा पेश भएको विवरण स्थलगत निरीक्षणबाट झुठ्ठा ठहरे वा अनुपयुक्त देखिएका प्रस्तावहरु मुल्यांकनका लागी अघि बढाइने छैन।
- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार मुल्यांकनका आधारहरु विस्तृतिकरण गर्न सक्नेछ।

## अनुसूची-६

(दफा ४ को सि.नं. ३ सँग सम्बन्धित)

### उपमहानगरपालिका लक्षित आधुनिक बजार निर्माण कार्यक्रमको मुल्यांकलका आधारहरु

मन्त्री

| क्र.सं | मूल्याङ्कनका आधार | जम्मा अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित परियोजना स्थलको उपयुक्तता | १५ | | |
| २ | कृयाकलापहरुको औचित्यता | २० | | |
| ३ | बजारीकरणको लागि कृषि उपजको आपूर्ति तथा बिक्री व्यवस्था | २५ | | |
| ४ | लाभान्वित वर्ग | १० | | |
| ५ | जनशक्ति व्यवस्थापन | ५ | | |
| ६ | फोहोर व्यवस्थापन | १० | | |
| ७ | बजार सञ्चालन गर्न जग्गाको स्वामित्व | ५ | | |
| ८ | दिगोपना | १० | | |

नोटः

- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५०% अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।
- प्रस्तावनामा पेश भएको विवरण स्थलगत निरीक्षणबाट झुठ्ठा ठहरे वा अनुपयुक्त देखिएका प्रस्तावहरु मुल्यांकनका लागी अघि बढाइने छैन।
- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार मुल्यांकनका आधारहरु विस्तृतिकरण गर्न सक्नेछ।

## अनुसूची-७

(दफा ४ को सि.नं. ४ सँग सम्बन्धित)

### काठमाण्डौ, पोखरा, सुर्खेतमा प्रदेशको बिक्री आउटलेट स्थापना कार्यक्रमको मुल्यांकनका आधारहरु

| क्र.सं | मूल्याङ्कनका आधार | जम्मा अंक | प्रासंक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित परियोजना स्थलको उपयुक्तता | १० | | |
| २ | कृयाकलापहरुको औचित्यता | २० | | |
| ३ | बजारीकरणको लागि कृषि उपजको आपूर्ति व्यवस्था | २० | | |
| ४ | लाभान्वित वर्ग | १० | | |
| ५ | जनशक्ति व्यवस्थापन | ५ | | |
| ६ | फोहोर व्यवस्थापन | १० | | |
| ७ | बजार सञ्चालन गर्न जग्गाको स्वामित्व | १० | | |
| ८ | दिगोपना | ५ | | |
| ९ | लागत सहभागिताको सुनिश्चितता | १० | | |

नोटः

- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५०% अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।
- प्रस्तावनामा पेश भएको विवरण स्थलगत निरीक्षणबाट झुठ्ठा ठहरे वा अनुपयुक्त देखिएका प्रस्तावहरु मुल्यांकनका लागी अघि बढाइने छैन।
- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार मुल्यांकनका आधारहरु विस्तृतिकरण गर्न सक्नेछ।

अनुसूची-८

(दफा ४ को सि.नं. ५ सँग सम्बन्धित)

बजारीकरणका लागी प्रदेशको ब्रान्डिङ्ग कार्यक्रमको मुल्यांकनका आधारहरु

| क्र.सं | मूल्याङ्कनका आधार | जम्मा अंक | प्रासंक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित परियोजना स्थलको उपयुक्तता | १० | | |
| २ | कृयाकलापहरुको औचित्यता | १० | | |
| ३ | कृषि उपजको आपूर्ति व्यवस्था | १० | | |
| ४ | लाभान्वित वर्ग | ५ | | |
| ५ | व्यवसायिक योजना | ५० | | |
| ६ | दिगोपना | ५ | | |
| ७ | लागत सहभागिताको सुनिश्चितता | १० | | |

नोटः

- प्रस्तावकले पेश गरेको प्रस्ताव मूल्याङ्कन गर्दा कुल ५०% अंक नल्याउने प्रस्तावहरु अस्वीकृत हुने छन्।
- प्रस्तावनामा पेश भएको विवरण स्थलगत निरीक्षणबाट झुठ्ठा ठहरे वा अनुपयुक्त देखिएका प्रस्तावहरु मुल्यांकनका लागी अघि बढाइने छैन।
- कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार मुल्यांकनका आधारहरु विस्तृतिकरण गर्न सक्नेछ।

अनुसुची ९

(दफा ४ सँग सम्बन्धित)

प्रस्तावको साथ संलग्न गर्नुपर्ने कागजातहरू

मन्त्री

१) निवेदन १ प्रति।

२) तोकिएको अनुसूची वमोजिमको प्रस्तावना १ प्रति।

३) समूह /बजार समिति / संघ / सहकारीको निर्णय प्रतिलिपि १ प्रति।

४) तोकिएको सम्पर्क व्यक्ति/सदस्यको नागरिकताको प्रतिलिपि १ प्रति।

५) समूह /बजार समिति /सहकारी / संघ दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि १ प्रति(गत आ.व. सम्म दर्ता भएको)।

६) प्रस्ताबकहरूको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

८) जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १० बर्षको जग्गाको करारनामा पत्र सहित लालपुर्जाको प्रतिलिपी। सरकारी जग्गा प्राप्त गर्ने भएमा जग्गा प्रदान गर्ने निकायको जग्गा उपलब्ध गराएको पत्र।

९) माग गरिएका कृयाकलापहरुमध्ये पूर्वाधारको ईन्जिनियरिङ डिजाईन,औजार उपकरणहरुको स्पेशिफिकेशन सहित अनुमानित लागत खर्च पेश गर्नु पर्नेछ।

१०)सूचनामा माग गरिएका अन्य कागजातहरु